# शिक्षा लेख सँगालो

(आम संचार माध्यमहरूको प्रयोजनका लागि मात्र)

**वर्ष २, अंक ५, २०५९ भदौ** असोज **(Sept. 2002)**

यस अंकमा

१) **सबैका लागि शिक्षा अभियानमा तेजबहादुरहरूको स्थान**

२) **निजी विद्यालयहरू छुट्टै ऐन माग्दैछन्**

३) **सामुदायिक विद्यालय हस्तान्तरण कि रूपान्तरण ?**

४) **काठको शिक्षामा राजधानीको तस्वीर**

५) **शिक्षक नै व्यवस्थापन समितिको अध्यक्ष**

शिक्षालाई अरू क्षेत्रभन्दा कम महत्व दिन नहुने निष्कर्षमा पुगेका छन् समाचारपत्रहरू। यद्यपि शिक्षामा स्तरीय फिचर लेखहरूको अभाव खट्किएकै छ। **शिक्षा पत्रकार समूह**ले यही अभावलाई महसूस गरेर पत्रपत्रिका र अन्य सञ्चार माध्यमलाई निरन्तर रूपमा शिक्षाका विभिन्न मुद्दा समेटिएका फिचर लेखहरूको सँगालो उपलब्ध गराउने अभियान थालेको हो। विभिन्न सञ्चार माध्यममा सक्रिय भएर शिक्षामा चासो राख्ने र स्वतन्त्र रूपमा सक्रिय पत्रकारहरू मार्फत सकेसम्म स्तरीय लेख सामग्री जुटाइनेछ। हामीले उपलब्ध गराएको सामग्रीलाई आफ्नो पत्रपत्रिकामा स्थान दिनुभयो भने हामी आफ्नो प्रयास सार्थक भएको ठान्नेछौँ। यस सँगालोका सामग्री छापिएपछि अन्तमा **शिक्षा पत्रकार समूह**लाई पनि जस दिनुहुनेछ भन्ने हाम्रो विश्वास छ। प्रकाशित सामग्रीको एकप्रति यस समूहलाई उपलब्ध गराइदिनुभएमा हामीबीचको व्यावसायिक सम्बन्धले अझ झाँगिने मौका पाउनेछ। स्तरीय फिचर सेवा उपलब्ध गराउने हाम्रो प्रयास निरन्तर रहनेछ। यो फिचर सेवाका लागि **एक्सन एड नेपाल**ले सहयोग गरेको छ।

**सम्पादन : हरि थापा**

**पत्राचारका लागि हाम्रो ठेगाना**

**शिक्षा पत्रकार समूह**

**पो.व.नं. २१८४३, फोन/फ्याक्स २५७६५५**
**अनामनगर, काठमाडौं।**
**इमेल : ejg@ntc.net.np**

# सबैका लागि शिक्षा अभियानमा तेजबहादुरहरूको स्थान

## कलेन्द्र सेजुवाल

गएको जेष्ठ महिनामा ढोटेखाली स्कुल सुर्खेतमा ६ कक्षा पढ्दै गरेका तेजबहादुर सोनामलाई स्कुलकै एक शिक्षकले भर्ना शुल्क दुई सय चालीस रूपैयाँ नबुझाएको भन्दै गलहत्याएर निकालेका थिए। अपमानित विद्यार्थीले आर्थिक विपन्नताका कारण शुल्क तिर्न सकेका थिएनन्।

पछि मुनाल बाल समूहले सोनामलाई भर्ना त गरिदियो तर अपमान गर्दै कक्षा कोठाबाट निस्कासन गर्ने शिक्षकलाई कुनै कारवाही भएन। "हामीले ती शिक्षकको विरूद्ध आवाज त उठायौं तर कारवाही गराउन सकेनौं", मुनाल बाल समुहका अधयक्ष बहुदल के.सी.ले बताए।

आर्थिक विपन्नताको कारण विद्यालय जान चाहने बालबालिकाहरूलाई शिक्षकहरूबाटै दुर्व्यवहार गरिएपछि सुर्खेतका विद्यालयहरूमा बालबालिकाहरूले बीचैमा विद्यालय छाड्नेक्रममा वृद्धि भएको छ।

जिल्ला शिक्षा कार्यालय सुर्खेतका अनुसार कक्षा १ मा भर्ना भएर कक्षा ५ उत्तीर्ण गर्ने विद्यार्थीको संख्या यस जिल्लामा ३९ दशमलव ७ प्रतिशत मात्र छ। "२०६१ सालसम्म यो संख्यालाई ८० प्रतिशत पुऱ्याउने राष्ट्रिय लक्ष्य भए सुर्खेतमै जस्ता घटनाहरू अरू जिल्लामा पनि भएकाले पनि पूरा हुने अवस्था छैन।

सुर्खेतमै भने बीचैमा पढाई छाड्ने विद्यार्थीहरूको संख्या १४ दशमलव २४ प्रतिशत रहेको तथ्यांक शिक्षा कार्यालयको प्रतिवेदनमा देखिन्छ। जिशिकाले बीचैमा पढाई छाड्नेमा छात्र भन्दा छात्रा बढी रहेको पनि उल्लेख गरेको छ।

कक्षा दोहोऱ्याउने र बीचैमा छाड्ने मात्र समस्या होइन यहाँ। झुपाखोलाका १० वर्षीय लोकबहादुर नेपालीले विद्यालय जाने उमेर पार गरिसक्दा पनि घरमै थन्केर बस्नु परिरहेको छ। उनलाई विद्यालय पढ्ने र शिक्षा आर्जन गर्ने चाहना नभएको होइन। गाउँमा नजिकै विद्यालय नै नभएकाले उनले पढन नपाएका हुन।

तर, वादी समुदायका लोकबहादुर विद्यालय जानबाट वञ्चित एक्ला बालक होइनन्। झण्डै ४० जना उनकै छिमेकी साथीहरू अहिले पनि बाबुआमासंगै झुप्राखोलाको गिटी र बालुवासंग खेलिरहेका छन्।

झुप्राखोला सुर्खेत सदरमुकाम वीरेन्द्नगरदेखि करीब १३ किलोमिटर पूर्वमा पर्दछ। यहाँका बालबालिकाहरू यसरी शिक्षा आर्जनबाट वञ्चित हुनुमा शैक्षिक जागरण र पाठशालाको अभाव प्रमुख कारण हो।

शिक्षाको लागि सामाजिक जागरण (सेफ)का क्षेत्रीय संयोजक कमला नेपाली वादी जातिमा अहिले पढ्नुपर्छ भन्ने धारणाको विकास भए पनि सरकारले त्यसको लागि वातावरण तयार नपारी दिएको बताउनुहुन्छ।

यदि सरकारले झुप्राखोलामा एउटा सानोतिनो स्कूल खोलिदिएको खण्डमा गिट्टी र बालुवासंग रमाउने वादी बालबालिकाहरूको हातमा भोली कापी र कलम देख्न सकिनेछ। तर, क्षेत्रीय संयोजक नेपालीको गुनासो छ "स्कूल स्थापनाको लागि हामीले प्रयास नगरेका होइनौं। शिक्षा कार्यालय उदासिन देखियो। हाम्रो प्रयासले सार्थकता पाउन सकेन।"

सेफका अनुसार, अत्यन्तै थोरै जनसंख्या भएको वादी जातिका मात्र करीब १ सय बालबालिका स्कूल पढ्नबाट वञ्चित छन्। जिल्लाका अन्य समुदायमा समेत स्कूल पढ्ने उमेरका हजारौं बालबालिकाहरू अहिले पनि स्कूल पढ्नबाट वञ्चित छन्।

जिल्ला शिक्षा कार्यालय सुर्खेतले जिल्लाभरी स्कूल पढ्ने उमेर (६ देखि १० वर्ष)का १६ दशमलव ६ प्रतिशत बालबालिका शिक्षा आर्जनबाट वञ्चित रहेको जनाएको छ। विद्यालय निरीक्षक बाबुराम भट्टराई त्यसरी स्कूल पढ्नबाट वञ्चित हुनुमा आर्थिक विपन्नता, भौगोलिक विकटता र सामाजिक चेतनाको अभाव प्रमुख बाधक रहेको बताउनुहुन्छ।

बालबालिकाहरूले पढ्न पाउने अधिकारबाट वञ्चित हुनुपरेको वर्तमान समयमा समेत सरकार र सम्बन्धित निकायहरू मौन रहेको देखिन्छ। बाल एशोसिएसन सुर्खेतका अधयक्ष वन्दना के.सी., सरकार र अन्य संघसंस्थाहरूले बालबालिकाहरूको विषयमा प्रशस्तै बोल्ने गरेको भए पनि त्यसलाई व्यवहारमा लागू गर्न नसकेको बताउनुहुन्छ।

"अनाथ र टुहुराको लागि भनेर संचालित एस.ओ.एस. बालग्राममा समेत अहिले समाजमा नाम चलेका र शुल्क तिर्न सक्ने अभिभावकका छोराछोरीहरूको शिक्षा आर्जन गरिरहेका छन्" के.सी.का अनुसार, अढाई सय बालबालिका अध्ययन गर्ने एसओएसमा हाल ३३ जना मात्र अनाथ बालबालिका संरक्षित छन्। तिनीहरू पनि नेता र सम्पन्न परिवारसंगै जोडिएका हुन्।

यसरी हजारौं बालबालिकाले पढ्ने चाहना भएर पनि पढ्नबाट वञ्चित हुनुपरेको यस परिस्थितिमा सरकार र सम्बन्धित निकायले समयमै ध्यान पुऱ्याउन चाहिरहेको छैन ।

"विद्यालय छँदैछन्, पढ्न मनलाग्ने पढ्छन् । उनीहरूले पढे हामीलाई हुने होइन" भन्ने मानसिकता यहाँका सरोकारवालाहरूको छ । जिल्ला शिक्षा कार्यालय पनि यही मानसिकता लिएर बसिरहेकाले हजारौं तेजबहादुरहरूलाई सरकारले सबैका लागि शिक्षा अभियानमा सामेल गराउन सकेको छैन ।

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

# निजी विद्यालयहरू छुट्टै ऐन माग्दैछन्

## भुवन केसी

सामुदायिक र संस्थागत विद्यालयलाई छुट्टा छुट्टै ऐनबाट व्यवस्थित गरिनुपर्छ भन्ने मागको पारो केही समयदेखि चढ्न थालेको छ । दुवै किसिमका विद्यालयलाई एउटै ऐन अर्न्तगत राख्दा एकको मार आर्कालाई पर्न गएको र लगानीको प्रत्याभुति नभएकोले छुट्टाछुट्टै ऐन हुनुपर्छ भन्दै निजी विद्यालयका संचालनहरू सक्रिय हुन थालेका छन् ।

हुनत निजी तथा आवासीय विद्यालय अर्गानाइजेसन नेपाल (प्यावसन)ले पाँच बर्ष अघि नै निजी तथा आवासयि विद्यालय शिक्षा ऐनको मस्यौदा तयार पारी शिक्षा मन्त्रालयमा बुझाएको थियो ।

प्यावसनले तयार पारेको मस्यौदामा शिक्षा क्षेत्रमा लगनी गर्न इच्छुक नेपाली नागरिक, कुनै संघ, संस्था, कम्पनी, ट्रस्ट र गुठीले निजी क्षेत्रमा लगानी गरी निजी विद्यालय स्थापना गर्न सक्ने व्यवस्था छ ।

मस्यौदामा विद्यालयका सस्थापकहरूको सहभागिता रहने संस्थापक बोर्डको व्यवस्था गरिएको छ । यसको मुख्य कार्य विद्यालय संचालनका लागि आवश्यक स्वीकृत लिने रहेको छ । विद्यालय संरक्षण बोर्डको पनि व्यवस्था छ । यसमा विद्यालयको सम्पूर्ण मुनाफा विद्यालयको विकासमा लगाउनुपर्ने उल्लेख छ ।

शिक्षामन्त्री वा शिक्षा सचिवको अध्यक्षतामा निजी तथा आवासीय विद्यालय निर्देशन परिष्दको गठन गर्न सक्ने, शिक्षा विकास कोषको स्थापना गर्ने र त्यसमा प्रत्येक निजी स्रोतबाट संचालित विद्यालयले विद्यालयको मासिक शुल्कबाट उठेको रकमको सयकडा एक प्रतिशतले हुने गरी आर्थिक बर्ष सम्पन्न भएको तीन महिनाभित्र जम्मा गर्नुपर्ने व्यवस्था पनि मस्यौदा ऐनमा राखिएको छ । निजी स्रोतबाट जति रकम संकलन हुन्छ, सरकारले त्यति नै थप अनुदान दिने व्यवस्था मिलाउने व्यवस्था मस्यौदा ऐनमा गरिएको छ ।

शिक्षा विकास कोषमा जम्मा भएको रकमलाई पिछडिएका बालबच्चाले पढने बातावरण मिलाउने, विद्यलयको शैक्षिक पूर्वाधारहरूको विकास र विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको आकस्मिक उपचारका लागि व्यवस्था मिलाउनमा खर्च गर्ने योजना रहेको छ ।

विद्यालयको संचालन र सम्पत्तिमा हस्तक्षेप गर्न नपाइने र विद्यालयको सम्पत्ति निजी सम्पत्ती सरह मानिने स्पष्ट व्यवस्था मस्यौदा ऐनमा उल्लेख छ ।

छुट्टै ऐन भएमा आफूहरूको लगानी र प्रतिष्ठा सुरक्षित हुन्छ कि भन्ने मनसायले पनि निजी विद्यायलय संचालकहरू यसका लागि हतारिएका छन् । उनीहरू ऐनको मस्यौदा परिमार्जन र तयार गर्ने कार्यमा जुटेका छन । तर, निजी विद्यालयका बारेमा सरकार र राजनीतिक दलहरूको एउटै दृष्टिकोण छैन ।

सबै राजनीतिक दलहरूले सामुदायिक विद्यालय र संस्थागत विद्यालयबीचको असमानता हटाउनुपर्छ भन्ने धारणा राख्दै आएका छन् । उनीहरू नागरिकहरूलाई शिक्षा प्रदान गर्नु राज्यको दायित्व हो भन्नेमा पनि सहमत छन् । त्यसका लागि उनीहरूले सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तर बढाउदै जानुपर्ने र संस्थागत विद्यालयहरूलाई क्रमश सहकारीमा परिणत गर्दै गर्दै जानुपर्छ भन्ने आवाज उठाएका छन ।

प्यावसनले मन्त्रालयमा बुझाएका ज्ञापनपत्रहरूमा निजी स्रोतमा संचालित विद्यालयहरूको स्थापना, अनुमति, संचालन तथा व्यवस्थापनका लागि व्यावहारिक वैज्ञानिक, राष्ट्रिय तथा अन्तराष्ट्रिय परिवेश अनुकुल निजी तथा आवसीय विद्यालय संचालनार्थ शिक्षा ऐन नियमको तर्जुमा गरी यथाशिध्र लागू गर्न पहल गरियोस भनी उल्लेख गर्ने गरेका छन ।

पूर्व शिक्षा मन्त्री आमोद प्रसाद उपाध्ययाले एकवर्ष भित्रै निजी तथा आवासीय विद्यालय ऐन ल्याउने बचन प्यावसनका पदाधिकारीहरूलाई बचन दिनुभएको उनीहरूले दावी गरेका छन् । बचन दिएको केही समयपछि उहाँ

मन्त्री मण्डलबाट हटनु भए पनि राज्यमन्त्री नारायण प्रकाश साउदले यो प्रक्रिया अगाडि बढाउन प्रवक्तालाई निर्देशन दिनुभएको कुरा प्याब्सनका उपाध्यक्ष सीताराम मास्केले बताउनुभयो ।

तर, शिक्षा तथा खेलकुद मन्त्रालयका प्रवक्ता युवराज पाण्डेले अहिलेको अवस्थामा निजी विद्यालय सम्बन्धी छुटै ऐन ल्याउन आवश्यक नभएको बताउनु भयो । "अशिलेकै ऐनले पनि निजी विद्यालयको संचालनमा बाधा पुऱ्याएको छैन । उही कुरालाई अलग गरेर दुइटा कितावमा उल्लेख गर्नुको अर्थ छैन । लगानीको सुरक्षालाई मात्र मध्यनजर नराखी, नयाँ कुराहरू थपेर यसलाई व्यवस्थित र नियन्त्रण गर्ने हो भने छलफललाई अघि बढाउन सकिन्छ" प्रवक्ता पाण्डेले बताए ।

सामाजिक सेवा गर्ने नाममा खुलेर चरम व्यापारिकरणतर्फ उन्मुख संस्थागत विद्यालयहरू अधिराज्यभर ८ हजार ५ सय छन् । केही विद्यालयलाई छाडेर हिजोआज संस्थागत विद्यालयहरू मनपरी शुल्क उठाउने, योग्य शिक्षक भर्ना नगर्ने, सुगा शैलीमा विद्यार्थीहरूलाई पढाउने र एसएलसी नतिजाको आधारमा आफूलाई उत्कृष्ट देखाउन होडमा छन् । यो यिनीहरूको पर्याय बनेको छ ।

निजी विद्यालयलाई व्यवस्थित गर्न सरकारले पटक पटक प्रयास गरेको छ । ०५५ सालमा डा तिर्थराज खनियाको संयोजकत्वमा निजी विद्यालयहरूको व्यवस्थापन सम्बन्धी अध्ययन गर्न समिति बनेको थियो । माओवादी विद्रोहीको भातृ संगठन अनेरास्ववियू (क्रान्तिकारी) ले आन्दोलन गरेपछि राष्ट्रिय योजना आयोगका सदस्य डा. निर्मल पाण्डेको संयोजकत्वमा उच्च स्तरिय कार्य समिति गठन भएको थियो । कार्यसमितिले दिएका सुझावहरूलाई समावेश गरी शिक्षा ऐन र नियमावलीमा सशोधन गरियो । तर पनि निजी विद्यालयका संचालकहरू सन्तुष्ट छैनन ।

शिक्षा ऐन सातौ. संशोधन आएपछि सरकारले निजी विद्यालयलाई शैक्षिक गुठी र कम्पनीमा परिणत हुने व्यवस्था गऱ्यो । त्यसले निजी विद्यालयक संचालकहरूमाझ ठुलो समस्या उत्पन्न गरेको प्यावसनका महासचिव भोज बहादुर शाहले बताउनु भयो ।

प्यावसनका अनुसार हाल निजी लगानीमा स्थापित विद्यालय, संघसस्था र गुठीद्धारा संचालित विद्यालय, सरकारको भौतिक पूर्वाधार र सुविधा प्रयोग गरी संचालित विद्यालय, सरकार अर्न्तगत रहेका विभिन्न निकायद्धारा संचालित विद्यालय, सरकार तथा विदेशी कुटनीतिक नियोगबीच सम्झौता अनुसार संचालित विद्यालय र कुनै समुदाय विशेषले सामूहिक रूपमा आफनो समुदायका बाल बालबालिकाहरूको पठन पाठनका लागि संचालित विद्यालयहरू छन ।

प्यावसनले निजी गुठी, सार्वजनिक गुठी र सेवामुलक व्यवसायको रूपमा संचालन हुने विद्यालयहरू गरी विद्यालय वर्गिकरण गर्न माग गरेको थियो । तर शिक्षा ऐन र नियमावलीमा शैक्षिक गुठी र कम्पनीको व्यवस्था गरिएको छ । शैक्षिक गुठीमा सार्वजनिक र निजी गुठीको व्यवस्था गरिएको भएपनि हालसम्म कस्ता विद्यालयहरूलाई सार्वजनिक गुठी अन्तर्गत र कस्ता विद्यालयहरूलाई निजी गुठी अर्न्तगत राख्ने स्पष्ट भएको छैन ।

सरकारले सस्थागत विद्यालय संचालन र लगानी संरक्षणका सम्बन्धमा अझै यसका संचालकहरूलाई आश्वस्त पार्न सकेको छैन । "सामुदायिक विद्यालयको असफलताको दोष संस्थागत विद्यालयलाई दिइयो" महासचिव शाहले भन्नु भयो "विद्यालयका बारेमा पनि धेरै अन्यौल छन । अन्योललाई अन्त्य गरी निजी लगानीको संरक्षण र अन्त्य गर्न पनि संस्थागत विद्यालय सम्बन्धी अलग ऐनको जरूरी छ ।"

तर, शिक्षाविद् डा. विद्यानाथ कोइरालाले सामुदायिक विद्यालय र संस्थागत विद्यालय बीच ठुलो खाडल भएको अवस्थामा छुट्टै ऐन ल्याउनुपर्ने आवश्यकता नभएको बताउनु भयो । उहाँले भन्नुभयो "यही अवस्थामा छुट्टै ऐन आएमा शिक्षामा अझ बढी बढी धाँजाँ फाटनेछ ।"

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

●●●

# सामुदायिक बिद्यालय हस्तान्तरण कि रूपान्तरण ?

## प्रकाश सिलवाल

सरकारले बजेट घोषणा मार्फत एकाएक ल्याइएको प्राथमिक बिद्यालयको सञ्चालन समुदायको जिम्मा लगाउने योजना विविध अन्योल र समस्यामा परेको छ । सरकारको उद्देश्यको स्वागत गरिएको छ । नि तत्कालका लागि यसले अस्तव्यस्त बनिरहेको सरकारी संरचनाको बिद्यालयलाई माथि उठाउने काममा कुनै भूमिका खेल्ने संकेत देखाएको छैन ।

बिनागृहकार्य ल्याइएको यो योजना परिभाषा,प्रक्रृया र कार्यान्वयनका दृष्टिले अपुरो भएको टिप्पणी गर्न थालिएको छ। साथै, बिद्यालय सञ्चालनको व्यबस्थापकीय जिम्मेवारी समुदायलाई हस्तान्तरणको साटो रूपान्तरण भनिनु पर्ने र त्यही अनुरूपको कार्यान्वयन गरिनुपर्ने तर्क बिज्ञहरूबाट उठ्न थालेको छ।

नेपालको शिक्षा नीति राणकालदेखि नै तदर्थबादमा चल्दै आएको छ। पञ्चायतकाल या प्रजातन्त्र पुनर्स्थापनापछिका समय हुन् शिक्षाले आवश्यकताको पहिचान गर्न सकेको छैन। यसो हुनुमा राज्य नै मूल दोषी देखिन्छ। यसपटक पनि सरकारले आफ्ना स्वामित्वका बिद्यालयको भार न्यून गराउने अपेक्षा सहित प्राथमिक तहदेखि क्रमशः माथिल्लो तहमा समुदायको सहभागिता बढाउने दीर्घकालिन नीति र प्रक्रृयाको अबधारणा लागू गर्नुपूर्व सम्बद्ध निकायबीच कुनै छलफल गराएन।

अर्कोतिर हस्तान्तरण मार्फत सरकारले आफ्नो दायित्व वा भार घटाउन चाहेको भएपनि अस्तब्यस्त नीतिको शिकार खेपिरहेको चालु सार्बजनिक बिद्यालयको जिम्मा लिन बर्तमान समाज इच्छुक, उत्सुक तथा सक्षम देखिएन।

सरकारबाट हाल उपलब्ध हुँदै आएको अनुदान जारी राख्ने एवं समुदायले अन्य जिम्मेबारी बहन गर्नुपर्ने प्रबधानसहितको समुदायमा हस्तान्तरण हुने बिद्यालय सञ्चालन कार्य निर्देशिका २०५९ मन्त्रीपरिषद्‌बाट स्वीकृत भई सम्बन्धित जिल्लामा पठाइएको भएपनि त्यसभित्रका कतिपय द्बिबिधापूर्ण प्राबधानका कारण समुदाय हस्तान्तरणका लागि अत्यन्त न्यून र सुस्त गतिमा निबेदन परेका पाइए। बिद्यालय सञ्चालन कार्य निर्देशिका २०५९ ले समुदायलाई व्यबस्थापकीय अधिकार दिइने भनेको छ। तर मुल स्रोत वा नियमित खर्च सञ्चालनका लागि निर्देशिकामा प्रष्ट उल्लेख छैन। त्यस्तै पहिलो वर्ष रू.१० हजार र दोस्रो वर्ष पाँच हजारका दरले अनुदान दिइने भनिएको छ। त्यसपछि तेस्रो वर्षमा त्यो अनुदानको क्रम कस्तो हुने भन्ने कुरा उल्लेख छैन।

फलतः हस्तान्तरण हुन चाहने बिद्यालयलाई पटक पटक सार्बजनिक सूचना मार्फत निवेदन माग गर्दा त्यसको दूई महिनापछि सरकारी स्तरकै उक्साहटमा जम्मा ६० मात्र वटा निबेदन शिक्षा बिभागमा संकलन भएका छन्। ती सबैमा पनि आवश्यक कागजात नभएपछि बिद्यालय हस्तान्तरणका लागि शिक्षा तथा खेलकुद मन्त्रालयद्धारा गठित सिफारिस समितिले जम्मा ५६ वटा बिद्यालयलाई मात्रै हस्तान्तरणका लगि उचित ठानेको छ। यो निर्णय भदौ ११ र २४ गते दूइपटक गरी भएको हो, जबकि सरकारको बजेट घोषणमा साउनभित्रै कम्तिमा एकसय बिद्यालय समुदायको जिम्मामा दिइसकिने उल्लेख थियो। भदौ ११ मा जम्मा ४१ वटाका सम्बन्धमा मात्रै निर्णय भएको थियो। २४ गते थप १५ वटा बिद्यालय समुदायको जिम्मामा दिने निर्णय भएको हो। तर यी बिद्यालयका व्यबस्थापन समिति र सरकारबीच सम्झौता हुने मिति तय भएको छैन।

अधिकाशं सरकारी बिद्यालय वर्षा बिदामा रहेका बेला अभिभावकहरू पनि खेतिमा लागेका बेला साउन भित्रै १०० बिद्यालय हस्तान्तरण गर्ने भनिनु सरकारकै अबिबेकी निर्णयको रूपमा लिइएको छ। त्यसैगरि हाल नेपालका धेरै बिद्यालयको व्यबस्थापन समिति नै बिगत लामो समयदेखि गठन हुन सकेको छैन। त्यसमाथि पनि स्थानीय निकायको म्याद समाप्त भएपछि नियम अनुसार निबेदन आउन कठिनाइ परेको हो। निर्देशिकामा स्थानीय निकाय वा अभिभावक भेलाबाट पारित गरि व्यबस्थापक समितिले बिद्यालय सञ्चालनको जिम्मेवारी लिन सम्बन्धित जिल्ला शिक्षा कार्यालय मार्फत निवेदन पेश गर्नुपर्ने प्रबधान छ।

राष्ट्रिय योजना आयोगका पूर्व सदस्य *डा.निर्मलप्रसाद पाण्डे* अहिलेको हस्तान्तरणको प्रक्रृयासँग आफू असन्तुष्ट रहेको वताउनुहुन्छ। उहाँका अनुसार पहिला तय भएको हस्तान्तरणको प्रक्रृयालाई सरकारले पालना गरेको छैन। पाण्डेकै संयोजकत्वमा गठित एक उच्चस्तरीय समितिले गत वर्ष दिएको सुझावका आधारमा शिक्षा ऐन सातौ संशोधन २०५८ मा सबै सार्बजनिक बिद्यालय सामुदायिकमा नामाङ्कन भएका थिए। डा.पाण्डे सिद्धान्ततः समुदाय परिचालन बिना बिद्यालयको स्तर बृद्धि हुन नसक्ने धारणा राख्नुहुन्छ।

सिफारिस गरिएकामा काभ्रेका मात्रै २१ वटा बिद्यालय परेका छन्। एउटै जिल्लामा यति धेरै किन दिइयो भनेसँगै न्यूनतम् कतिवटा बिद्यालयसम्म एक जिल्लामा समुदायको जिम्मामा पर्छन् भन्ने सबाल उत्पन्न हुन्छ। यसले छनोटको प्रक्रृयामाथि त प्रश्नचिन्ह उठाउँछ नै साथमा अरू जिल्लाबाट अत्यन्त न्यून निबेदन परेको देखाउँछ। काभ्रे सहित इलामका १४ र मोरङ्गका १ गरि कूल ३६ वटा बिद्यालय स्थानीय निकायको सिफारिसबाट समुदायमा जान लागेका हुन्। यी मध्ये बाँकी पाँचवटा बिद्यालय व्यबस्थापन समितिको सिफारिस छ। २४ भदौमा भएको निर्णयमा कास्कीका ६ ,बाँकेका ५,झापाका म्याग्दीका २,मोरङ्गका र नुवाकोटका थप १ वटा बिद्यालय समुदायलाइ दिइने भएका छन्।

एक प्रमुख दातृसंस्था विश्वबैंकको सल्लाह र दबाबमा अर्थ मन्त्रालयले आर्थिक वर्ष ०५९।०६० को पहिलो एक महिनाभित्र एकसयवटा प्राथमिक बिद्यालय समुदायलाई हस्तान्तरण गर्ने नयाँ योजना ल्याएको हो। बजेट घोषणको लगत्तै शिक्षा मन्त्रालयले हस्तान्तरण हुन चाहने बिद्यालयबाट निबेदनको माग गरेको डेढ महिनाबितिसक्दा काठमाण्डौं

र विराटनगरबाट गरी कूल पाँचवटा मात्रै निवेदन परेका थिए। जसबाट योजना नै अलपत्र पर्ने चिन्तामा मन्त्रालय स्वयं परेको थियो।

मन्त्रालयका उपसचिव एवं बिद्यालय प्रसाशन शाखाका प्रमुख *रामप्रसाद बस्याल*का अनुसार स्थानीय निकायको बिघठनले हस्तान्तरणको प्रकृया झनै अलपत्र बनेको छ। निर्देशिकामा स्थानीय निकाय र बिद्यालय व्यबस्थापन समितिको सिफारिस अनिवार्य सम्लग्न हुनुपर्ने उल्लेख छ। अर्थ मन्त्रालयले जतिसक्दो चाँडो हस्तान्तरण हुने बिद्यालयको नामावली माग्दैमा जर्बजस्ती बिद्यालय हस्तान्तरण हुँदैन। उपसचिव बस्याल भन्नुहुन्छ निबेदन नै कम आए भनेर टीका लगाएर दिने कुरा त आएन नि,समुदायले पहिला त आफ्नो इच्छा र सक्षमता प्रकट गर्नु आवश्यक छ।

त्यसो त, शिक्षा सातौ संशोधन ऐन २०५८ले नै शिक्षामा बिकेन्द्रीकरण र समुदायीकरणको अबधारणलाई नीतिगत रूपमा प्राथमिकता दिएको हो। ऐनले सबै सार्बजनिक बिद्यालयलाई समुदायको नामाङ्गन गरेको थियो। जसमा नीजि बिद्यालय संस्थागत भनिएका छन्। शिक्षाबिद् *डा. बिद्यानाथ कोइराला* सिद्धान्ततः बिद्यालय व्यबस्थापनमा समुदायको पहुँच बढाउनु आवश्यक भएपनि अहिलेको सरकारको व्यबहार छोरीलाई बिबाह गरेर अर्काको घरमा दिइएको जस्तो भएको वताउनुहुन्छ। उहाँ भन्नुहन्छ बिग्रेको बिद्यालय सञ्चालन गर्न अहिलेको समुदायलाई पहिला बिद्यालय मेरो हो भन्ने भावना बिकसित गराउनु पर्दछ। उहाँको विचारमा सञ्चालन चाँही गर् तर शिक्षक मैले भनेको राख्नुपर्छ भन्नुले शिक्षाको गुणस्तर बढाउँदैन।

तर विश्वबैंकका शिक्षा बिषेशज्ञ *डा. राजेन्द्रध्वज जोशी* सरकारले आर्थिक दायित्व घटाउने भन्दा प्रतिफल बढाउने उद्देश्यले समुदायलाई हस्तान्तरण गरोस् भन्ने बैंकको सुझाव रहेको वताउँनुहुन्छ। सरकारलाई आवश्यक पर्छ भने आफुहरू आवश्यक तालिम दिन पनि तयार रहने डा. जोशीको धारणा छ। मन्त्रालयका अधिकारीहरू पनि सो बिषयमा बैंकसँग छलफल हुन सक्ने वताउँदछन्

अभिभावकको भूमिका बढी देखिने भएकाले भने समुदाय हस्तान्तरणको योजना उनीहरूका लागि उपयोगी साबित भएको छ। अभिभावक संघका अध्यक्ष *सुप्रभात भण्डारी* भन्नुहुन्छ बिगतमा ०२८ सालअघि पनि समुदायकै नेतृत्वमा सञ्चालन भएका बिद्यालयहरू पुनः सञ्चालन हुन सक्कैनन् भन्ने कुरा आउँदैन।

डा. कोइरालाका बिचारमा भने अरूको धन परिचालन गर्न सक्ने वा धन थोरै भएपनि मन हुनेले बिद्यालय सञ्चालन गर्न सक्छ। वास्तबिक बिकेन्द्रीकरण गराइयो भने योजनाको निरन्तरता रहने विश्वास गर्न सकिन्छ। सरकारले पनि निर्देशिका भित्रका सरकारी निर्णय अनुसार बेलाबेलामा सम्झौता फेरबदल हुने जस्ता अष्पष्टता हटाइ प्रति वर्षको अनुदान स्पष्ट गराइ बिद्यालय सञ्चाालनको वातावरण मिलाउनु आबश्यक छ। पहिल्यै सम्पन्न भैसकेको र पूर्वाभारबिहीन बिद्यालयका सम्बन्धमा पनि फरक फरक अनुदानको व्यबस्था मिलाउन तर्फ सरकार लाग्नुपर्ने दखिन्छ।

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

♥♥♥

# काठको शिक्षामा राजधानीको तस्वीर

## श्रीराम के.सी

काठमाडौं महानगरदेखि ५ सय मिटर पर रहेको मन मैजु हिलेडोलस्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालयका प्राथामिक तहमा अध्ययनरत विद्यार्थीहरू अझै सुकुलमै बसेर पढ्छन्।

सुचनाको शताब्दी भनेपनि नार्गाजुन शाही वन मुन्तिरको सरकारी विद्यालय, बाल कुमारी माध्यमिकमा विज्ञान प्रयोगशालाका कुनै उपकरणहरू छैनन्।

स्थापनाको ४१ वर्ष पछि माध्यमिक बन्ने अवसर पाएको श्रीफुटुङ माध्यमिक विद्यालयमा सरसफाईको कुरा सिकाइए पनि अहिलेसम्म विद्यालय हातामा चर्पी बन्न नसक्दा विद्यार्थीहरू मात्र नभई शिक्षकहरू पनि लाजले राता हुन्छन्।

शहर संगै जोडिएको मुलपानी गाउँको अर्को विद्यालय आनन्द भैरव निमाविमा ८ जना शिक्षकले ५ सय विद्यार्थी पढाउदै आएका छन्।

६ जना सरकारी शिक्षक दरवन्दी रहेको यस विद्यालयमा थप शिक्षक दरवन्दीको लागि विगत ४ वर्षदेखि ताकेता गरिए पनि सहानुभूति पाउनुको साटो शिक्षा कार्यालयबाट सिधा जवाफ पाए नसक्ने भए विद्यालय नचलाउनुस।

यी र यस्ता अरू दर्जनौ समस्या भोगिरहेका काठमाडौंका गाउँले विद्यालयहरूको अवस्था चित्रण गरी साध्य छैन। चक्रपथदेखि अलिकति नहिड्दै काठमाडौंमा नै सरकारी विद्यालयको दुर्दशा देखिन थाल्छ।

कुनै विद्यालयमा पढाई नहुने, पानी परे विद्यालय वन्द गर्ने, राजनीतिक नेताले सभा सम्मेलन आयोजना गरे विद्यार्थीलाई सहभागी गराउने, शिक्षकहरू राजनीतिक पार्टीको झण्डा बोकेर नारा लगाउने आदि कुरा सामान्य घटना हुन्।

कुल ५७ वटा गाउँ विकास समितिहरू रहेको काठमाडौंका शहर छेउ छाउँका वासिन्दाहरू शिक्षित र चनाखो भएपनि शहरबाट केही टाढा पर्ने गाउँको शिक्षा क्षेत्र अन्धाकारमय छ। यहाँका दुर्गम मानिने लप्सीफेदी, नाङ्लेभारे छैमले, झोर, साङला जस्ता गाउँहरूमा विद्यालय अनिवार्य पठाउनैपर्ने कुरा अभिभावकहरू बल्ल चाल पाउदैछन।

कमजोर आर्थिक अवस्था भएका कतिपय दलित एंव विभिन्न जनजातिका परिवारहरू आफना केटाकेटीहरूलाई आज पनि विद्यालय पठाउनुको साटो शहरतिर गक्ष अनुसारको काम गर्न पठाउने गर्छन। थुप्रै परिवारहरू बालबालिकाकै कमाईले जीवन धानीरहेका भेटिन्छन्।

शिक्षाको महत्व बुझेका र केही सम्पन्न परिवारहरूमा पनि छोरालाई निजी विद्यालय र छोरीलाई सरकारी विद्यालयमा पढाउने चलन छ। काठमाडौंको नमूना गाउँ मानिने जीतपुरमा पनि यो चलन राम्ररी नै चलेको गाविसका निवर्तमान अध्यक्ष बिष्णुप्रसाद अर्याल बताउछन। छोरीलाई पढाउनै पर्ने कुरा बुझदै आएपछि लाजगाल टार्न कै लागि भएपनि स्कुल पठाउने चलन बढिरहेको उनले बताए।

निर्वाहमुखी व्यवसायबाट गुजारा गरिरहेका काँठबासीहरूले आफना छोराछोरीको पठनपाठनमा राम्ररी ध्यान दिन सकेका छैनन्। स्कुलस्तरीय पढाई पूरा भएपछि विहावारी गरी व्यवहारिक बन्ने बाध्य सस्कारका कारण पनि शिक्षामा काँठबासीको पकड बलियो रहन नसकेको हो।

उच्च शिक्षाको सुविधा उपभोग गर्न लालयित भएपनि कमजोर आर्थिक अवस्था नै शिक्षा प्राप्तिको बाधक बनेको छ। शहर नजिकको गाउँ भएर पनि शहर र गाउँ वीचमा व्यापक असमानता भेटिन्छ, काँठमा। यही असमानताले पनि काँठको शिक्षा पछिल्तिर धकेलिदै गएको हो।

काठमाडौं जिल्लाका अधिकांश गाउँहरूको हालत उस्तै छ। विद्यालयलाई पुग्ने शिक्षक दरवन्दी पर्याप्त छैन। पर्याप्त भौतिक पुर्वाधार तयार हुन सकेका छैनन्। सरकारी विद्यालयको नतिजा चित्त बुझदो पाइदैन।

देशव्यापी नीति निर्माण गर्न बसेका शिक्षा मन्त्रालय र राष्ट्रिय योजना आयोगबाट बढीमा १० किलो मिटरको हाराहारी भित्र रहेका काँठको यो अवस्थाले देशकै शिक्षाको दुरावस्था छर्लङ बनाउँछ।

ग्रामीण आदर्श बहुमखी क्याम्पस नेपालटारका क्याम्पस प्रमुख डा. केशव खड्का नीति निर्माताहरूले रत्नपार्क र भोटाहिटी बाहेक अरूलाई काठमाडौं नदेख्ने गरेकाले हुम्ला र जुमलाको नीयति त काठमाडौंका कुना कुनाका विद्यालयहरूले अहिले नै भागीरहेका अनुभव सुनाउनु हुन्छ।

काँठका गाउँहरूमा २/४ वर्ष यता कतै कतै १० जोड दुई खुल्ने क्रम बृद्धि हुदै संख्यात्मक र गुणात्मक दृष्टिकोणले यो पर्याप्त छैन। क्रयशक्ति कमजोर भएका कारण मध्यम र निम्न वर्गका परिवारलाई शहरसम्म आई उच्च शिक्षा लिनु ज्यादै कष्ट दायक बन्न पुगेकाले स्तरीय शिक्षाबाट बञ्चित हुन पग्नेहरूको संख्या हजारौ छ।

“हाम्रो विद्यालयमा भने जस्तो एउटा बोर्ड त छैन, कसरी हुन सक्छ गुणस्तरीय पढाई ? यहाँका अरू विद्यालयहरूको अवस्था पनि हाम्रो भन्दा फरक छैन” बालकुमारी माविका प्रधानाध्यापकले दुखेसो पोखे।

अहिले काँठका अधिकाश विद्यालहरूमा शिक्षकहरूको दरवन्दी कम हुनु एउटा ज्वलन्त समस्याको रूपमा रहेको छ। विद्यालय अपग्रेडको अनुमति लिदा नै सरकारले कुनै दरवन्दी र आर्थिक सहयोग नदिने शर्तमा मात्र अुनमति दिनाले पनि विद्यालयहरूको अवस्था नाजुक बनेको हो।

राजधानी शहरका असंख्य बासिन्दाहरूलाई पालनपोषण गर्नमा सघाउँदै आएका काँठले राज्यबाट शिक्षाका क्षेत्रमा केही पाउन सकेको छैन। सरकारले विकेन्द्रीकरणको कुरा गरे पनि काँठलाई उपेक्षा नै गरेको निचोड साहित्यकार एंव लेखक नारायण ढकालको छ।

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

# शिक्षक नै व्यवस्थापन समितिको अध्यक्ष

**आदेश कर्माचार्य**

सिन्धुपाल्चोकको सरस्वती उच्च माध्यमिक विद्यालय, ग्याल्थोमका सहायक प्रधानाध्यापक हरिकुमार शर्मा विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा निर्वाचित भए। आफू पनि एउटा अभिभावक भएकाले विद्यालयको व्यवस्थापन समितिमा बस्ने इच्छा भएको र यसका लागि आफू योग्य भएको उनको तर्क थियो।

तर, काठमाडौँको मूलपानी गाउँ विकास समिति वार्ड नं. ३ मा रहेको आनन्दभैरव निम्न माध्यमिक विद्यालयमा व्यवस्थापन समिति खाली छ। व्यवस्थापन समिति गठन गर्नमा हालसम्म कतैबाट चासो नदेखाएको बताउँदै अभिभावकले दवाव नदिएसम्म समिति गठन हुँदैन' भन्नुहुन्छ विद्यालयका प्रधानाध्यापक विश्वनाथ लामिछाने।

समिति गठन हुनुभन्दा नहुँदा कार्य सञ्चालन गर्न सजिलो पर्ने ठानी उक्त विद्यालयमा व्यवस्थापन समिति गठन नगरिएको हो। आनन्दभैरव निमावि त एउटा नमुना मात्र हो। यहाँका बालबालिकाहरूलाई स्थानीय अभिभावकले संस्थागत विद्यालयमा पढाउने भएकाले गाउँको सामुदायिक विद्यालयप्रति उनीहरूको चासो छैन। त्यसैले त्यहाँ विद्यालय व्यवस्थापन समिति गठन प्रक्रिया अघि बढेन।

अधिराज्यका विभिन्न ठाउँमा व्यवस्थापन समितिका पदाधिकारीको छनौटका थरिथरी कथाहरू आइरहेका छन्। कतै स्रोत व्यक्तिहरू व्यवस्थापन समितिमा आउन चाहिरहेका छन्। कतै शिक्षकहरू आफैं नै व्यवस्थापन समितिमा बस्न चाहिरहेका छन्। कतै राजनीतिक विवादमा व्यवस्थापन समिति गठन हुन सकिरहेका छैनन भने कतै राजनीतिक दलहरूले भागबण्डा गरेर पदहरूको विभाजन गरेका छन्।

तर, बहुसंख्यक ठाउँहरूमा शिक्षकहरूले व्यवस्थापन समितिको आवश्यकता ठानेर त्यसै अनुसारको सूचना सार्वजनिक नगर्दा व्यवस्थापन समितिको निर्वाचन प्रक्रिया अगाडि बढ्न सकिरहेको छैन।

विभिन्न ठाउँमा अभिभावकहरू सक्रिय भए पनि प्रधानाध्यापकहरूले विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्रियता देखाएका छैनन्। समिति गठन हुनुभन्दा नहुँदा कार्य सञ्चालन गर्न सजिलो पर्ने ठानी प्रधानाध्यापकहरू व्यवस्थापन समितिको निर्वाचनका लागि सक्रिय छैनन्। समिति गठन गर्दा झन्झट हुने र आफ्नो अधिकार सीमित हुने आशंकाले उनीहरूले समिति गठन गर्न चासो नदेखाएका हुन्।

२०५९ जेठमा आएको शिक्षा नियमावली अनुसार नयाँ शैक्षिक सत्र शुरू भएको ३० दिन भित्र विद्यालय व्यवस्थापन समिति गठन गर्नुपर्ने प्रावधान छ। तर, हालसम्म समित गठन भएका विद्यालयहरूको संख्या हजार नाघ्न सकेको छैन। जवकि अधिराज्यभर सामुदायिक विद्यालयको संख्या मात्रै करिव २७ हजार छ।

अधिराज्यभर आठहजार पाँचसय संस्थागत विद्यालयहरूमा विद्यालय व्यवस्थापन समिति गठन गर्ने सुरसार पनि छैन। निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन, नेपाल (प्याब्सन)का महासचिव भोजबहादुर शाहले शैक्षिक गुठी वा कम्पनीमा दर्ता गर्ने कार्य पूरा नभएकोले विद्यालय व्यवस्थापन समिति गठन कार्य सुरू नै नभएको बताउनुभयो।

व्यवस्थापन समिति गठन भएपछि यसको अभिलेख राख्ने केन्द्रीय निकाय नभएकाले कुन जिल्लाका कहाँ कति विद्यालयमा व्यवस्थापन समिति गठन भयो भन्ने एकीन गर्न अप्ठेरो छ। व्यवस्थापन समितिले गरेका निर्णयहरू जिल्ला शिक्षा कार्यालयमा जानकारी दिनुपर्ने भन्ने प्रावधान नियमावलीमा भएको हुँदा गठन भएका व्यवस्थापन समितिको अभिलेख जिशिकाले राख्नुपर्ने हो। तर उपत्यकाका काठमाडौं, ललितपुर र भक्तपुर तीनै जिल्लाका जिशिकाहरूमा समेत हालसम्म कति विद्यालयमा व्यवस्थापन समिति गठन भयो भन्ने तथ्यांक उपलब्ध छैन।

शिक्षा ऐन सातौं संशोधनपछि बनेको शिक्षा नियमावली २०५९ ले विद्यालय व्यवस्थापन समितिमा अभिभावकहरूको सहभागितालाई बढाएको छ। यसमा विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण, नियन्त्रण र व्यवस्थापन गर्न समितिलाई पर्याप्त अधिकार प्रदान दिइएको छ।

नेपाल शिक्षक संघका अध्यक्ष केशवप्रसाद भट्टराईले संघमा आवद्ध शिक्षकहरूलाई विद्यालय व्यवस्थापन समिति गठन प्रक्रियालाई सफल नपार्न निर्देशन दिएको बताउनुभयो। व्यवस्थापन समिति गठनमा खुलेआम राजनीति हुने बताउँदै उहाँले प्रश्न गर्नुभयो  विवादमा पर्न किन प्रधानाध्यापकले व्यवस्थापन समिति गठन गर्ने ?'

शिक्षा नियमावली जारी हुनु अगाडि शिक्षक संघ, संगठन दुबैले व्यवस्थापन समितिको निर्वाचन सम्बन्धी प्रावधानको घोर विरोध गरेका थिए। उनीहरूले नियमावलीको आशय व्यवस्थापन समितिमा धेरै व्यक्ति समावेश गर्ने भए पनि भविष्यमा यसले राजनीति गर्ने थलोको रूपमा परिणत हुने बताएका थिए।

अभिभावक संघ नेपालका अध्यक्ष सुप्रभात भण्डारी समिति गठनमा तीब्रता नआउनुमा राजनीति मुख्य कारण रहेको ठान्नु हुन्छ। उहाँले भन्नुभयो नेताहरूको आफ्नो मान्छे नै व्यवस्थापन समितिको अध्यक्ष हुनुपर्ने अडानले गर्दा व्यवस्थापन समिति गठन हुनमा ढिलाइ भएको हो।'

समिति गठनमा अभिभावक सक्रिय भएर आफै लाग्नुपर्ने हो। तर जनचेतनाको अभावमा उनीहरू निस्क्रिय छन्। अध्यक्ष भण्डारीका अनुसार संघले अभिभाकहरूलाई लक्षित गरी अभिभावक जनचेतना कार्यक्रम' संचालन गर्ने तयारी गरिहेको छ।

भक्तपुरका जिल्ला शिक्षा अधिकारी मायादेवी सिटौलाले समितिको अध्यक्ष हुनका लागि ३५ वर्ष उमेर पुगेको हुनुपर्ने, जुन तहको विद्यालयमा अध्यक्ष हुने हो सोही तहको अध्ययन पूरा गरेको हुनुपर्ने जस्ता प्रावधानले समिति गठन गर्न अप्ठेरो परेको बताउनु भयो।

शिक्षक संगठनका अध्यक्ष माधवप्रसाद अधिकारी यस्तो प्रावधानले विद्यालयमा वर्षौदेखि सक्रिय रहेका जिम्मेवार अभिभावकलाई पनि समितिमा आउन बन्देज लगाएको बताउनुहुन्छ।

शिक्षा मन्त्रालय विद्यालय प्रशासन शाखाका प्रमुख रामप्रसाद बस्यालले विद्यालयहरू बन्द हुने समय परेकाले व्यवस्थापन समिति आशातित रूपमा गठन नभएको स्वीकार गर्नुहुन्छ। उहाँले भन्नुभयो केही समयपछि विद्यालयमा व्यवस्थापन समिति गठनमा तीव्रता आउनेछ।'

विद्यालय व्यवस्थापन समिति गठन कार्यलाई जटिल बनाइएको छ। अभिभावकहरूमध्येबाट सर्वसम्मत तरिकाले पदाधिकारी चयन हुन नसके निर्वाचन गराउनुपर्ने हुन्छ। एक महिना अघि मात्र व्यवस्थापन समिति गठन भएको भक्तपुरको शान्ति निकेतन मा.वि.मा विवादका कारण निर्वाचन गर्नु परेको थियो। निर्वाचन गराउँदा दलीय राजनीतिको प्रभाव पर्ने हुँदा व्यापक रूपमा राजनीति हुने सम्भावना पनि छ।

नियमावलीले विद्यार्थीको पालन पोषण गर्ने र पठनपाठनको व्यवस्था मिलाउने व्यक्तिलाई पनि अभिभावक मानेको हुँदा एउटै मानिस विभिन्न स्कुलको अभिभावक बन्न सक्ने सम्भावना पनि छ। कसैले घरमा काम गर्ने केटोलाई विद्यालय भर्ना गऱ्यो भने ऊ पनि अभिभावक बन्न सक्छ।

शिक्षक संगठनका अध्यक्ष माधवप्रसाद अधिकारी भन्नुहुन्छ, विद्यालयको हितका लागिभन्दा व्यक्तिगत फाइदाका लागि समितिको नेतृत्व हात पार्ने होड चल्ने सम्भावना बढी रहेको छ। सरकारबाट लाखौं रकम आउँछ र लुटपाट गर्न पाइन्छ भनेर यहाँ सबै चुनाव लड्न आउनेछन्, उहाँले भन्नुभयो यसले पछि एउटा स्थानीय निकायको निर्वाचनको रूप लिनेछ।'

हुनत् विद्यालय व्यवस्थापन समिति गठनलाई शिक्षक संघसंगठनहरूले गलत अर्थ लगाइदिंदा यसको आशय गलत देखिन गएको छ। व्यवस्थापन समिति गठन भएर उनीहरूको मद्दतबाट विद्यालयको शिक्षामा सुधार आउँछ भन्ने पवित्र भावना शिक्षकहरूमा नभइदिंदा व्यवस्थापन समिति गठनको शुरूवात नै हुनसकेका छैनन्।

प्रधानाध्यापकलाई निर्वाचनको ठेक्का दिइएको छ। उनीहरू नै व्यवस्थापन समिति गठनको विरोधमा रहेका छन्। सरकारको गलत प्रक्रिया र उत्तरदायित्व विहीन हुन रूचाउने केही शिक्षकहरूका क्रियाकलापले पवित्र उद्देश्यको अपवित्र प्रचार प्रशार भइरहेको छ।

"प्रधानाध्यापकले सामान्य भेला बोलाएर राजनीतिक पूर्वाग्रह नराखी योग्य र क्षमतावान व्यक्तिलाई निर्वाचित गर्ने हो भने समितिमा विवाद आउँदैन" विद्यालय प्रशासन शाखा प्रमुख बस्यालको सरल जवाफ छ। तर, अझै पनि एउटा विवादको किनारा लागेको छैनः शिक्षक अथवा कर्मचारी आफू काम गर्ने विद्यालयको व्यवस्थापन समितिमा निर्वाचित हुन पाउने कि नपाउने ?

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*